आज मितिः २०७८/१२/०८ गते मंगलबारका दिन धवलागिरि गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री थमसरा पुनको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| | |
|---|---|
| श्री थमसरा पुन | अध्यक्ष |
| श्री रेशम छन्त्याल | उपाध्यक्ष |
| श्री झक बहादुर छन्त्याल | वडा नं १ अध्यक्ष |
| श्री गम प्रसाद बि.क. | वडा नं २ अध्यक्ष |
| श्री पुर्म पुन | वडा नं ३ अध्यक्ष |
| श्री बेग बहादुर घर्ति | वडा नं ४ अध्यक्ष |
| श्री खर्क कुमारी छन्त्याल | वडा नं ५ अध्यक्ष |
| श्री राजाराम उपाध्याय | वडा नं ६ अध्यक्ष |
| श्री कलानिधि शर्मा | वडा नं ७ अध्यक्ष |
| श्री राम प्रसाद बि.क. | कार्यपालिका सदस्य |
| श्री देउ प्रसाद छन्त्याल | कार्यपालिका सदस्य |
| श्री सुवा देवी पुर्जा | कार्यपालिका सदस्य |
| श्री तील कुमारी के.सी. | कार्यपालिका सदस्य |
| श्री कीनमाया घर्ति | कार्यपालिका सदस्य |
| श्री बाल कुमारी सुनार | कार्यपालिका सदस्य |
| श्री पूर्णबहादुर खत्री | प्रमुख प्रशासकीय अधिकृत |

**आमन्त्रित उपस्थितिः**

| | |
|---|---|
| श्री कृष्ण प्रसाद खराल | लेखा अधिकृत |
| श्री कमल प्रसाद ढकाल | शिक्षा अधिकृत |
| श्री ख्यामराज सुवेदी | प्राविधिक सहायक |

**प्रस्तावहरुः**

१. विशेष गाउँ सभा सम्बन्धमा ।

२. ताकम मा.वि.मा कक्षा ११(प्राविधिक धार) सञ्चालन सम्बन्धमा।

३. आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सञ्चालन सम्बन्धमा ।

पूर्णबहादुर खत्री
**प्रमुख प्रशासकीय अधिकृत**

४. एम्बुलेन्स सञ्चालन कार्यविधि सम्बन्धमा ।

५. आर्थिक सहयोग सम्बन्धमा ।

६. विविध ।

**निर्णयहरु :**

**निर्णय नं. १.**

प्रस्ताव नं १ उपर छलफल गर्दा "..धवलागिरि आधारभूत विद्यालय तथा धनजनता माध्यमिक विद्यालयलाई कक्षा थपको अनुमति प्रदान गर्न, पालिकाको वार्षिक बजेटमा आवश्यक संशोधन गर्न तथा स्थानीय शिक्षा ऐनमा समयानुकूल संशोधन गर्न गाउँ सभा अत्यावश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-४, दफा १९ को उपदफा (३) बमोजिम गाउँ सभाको विशेष बैठक बोलाउनुहुन" भनी धवलागिरि गाउँपालिका, गाउँ सभाका एक चौथाइ भन्दा बढी सदस्यहरुले गाउँ कार्यपालिका अध्यक्षलाई निवेदन गर्नुभएकोले आगामी मितिः २०७८ साल चैत्र १३ गते बिहान ८ बजे यस धवलागिरि गाउँपालिकाको विशेष गाउँसभा बोलाउने निर्णय निर्णय गरियो ।

**निर्णय नं. २.**

प्रस्ताव नं. २ उपर छलफल गर्दा यस धवलागिरि गाउँपालिका वडा नं. ७ ताकममा अवस्थित श्री ताकम माध्यामिक विद्यालयमा शैक्षिक सत्र २०७७ देखि प्राविधिक धार सञ्चालन भई शैक्षिक सत्र २०७८ मा कक्षा १० सञ्चालन भइरहेको र शैक्षिक सत्र २०७९ देखि कक्षा ११ सञ्चालनका लागि प्रस्ताव सहित निवेदन प्राप्त भएकोले उक्त विद्यालयलाई कक्षा ११ (प्राविधिक धार) सञ्चालन गर्नका लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ३.**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस धवलागिरि गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुको आधारभूत तह उत्तीर्ण परीक्षा - २०७८ यहि मिति २०७८ साल चैत्र २७ गतेबाट सञ्चालन गर्ने भनी गाउँ शिक्षा समितिको मिति २०७८ चैत्र ४ गतेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस धवलागिरि गाउँपालिकाले एम्बुलेन्स खरिद गरि सञ्चालन गरिरहेकोमा उक्त एम्बुलेन्स सञ्चालनलाई नियमित तथा व्यवस्थित गर्नका लागि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि - २०७८ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

...त्री

प्रमुख ... ...य अधिकृत

निर्णय नं. ५.

प्रस्ताव नं. ५ उपर छलफल गर्दा आगामी २०७८/१२/११ गते शुक्रबारका दिन म्याग्दी जेसिसको आयोजनामा धवलागिरि गाउँपालिका, वडा नं ७ ताकमस्थित ताकम माध्यमिक विद्यालयमा यस गाउँपालिका भित्रका माध्यमिक विद्यालय स्तरीय "गणेश घर्ति स्मृति हाजिरीजवाफ प्रतियोगिता" सञ्चालनका लागि रु. २०,०००/- (अक्षरुपीः बीस हजार रुपैंया मात्र) विविध खर्चबाट भुक्तानी दिने निर्णय गरियो ।

पूर्णबहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत